# श्री सिद्धि गणेश
## बचत तथा ऋण सहकारी संस्था लि.
**SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD.**

Gorkha Municipality-6, Haramtari, Gorkha, Tel: 064-421555, Fax: 064-421556
E-mail: siddiganeshgrk@gmail.com, Website: www.siddiganesh.com.np

# १६औं साधारण सभा
# वार्षिक प्रतिवेदन




सदस्य सेवा | विश्वास | समृद्धि | सुरक्षा



**समृद्ध सदस्य, उत्कृष्ट सहकारी**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समिति



शरद बाबु कट्टेल
अध्यक्ष



काजीराम श्रेष्ठ
उपाध्यक्ष



श्रवण कुमार जोशी
सचिव



बिशाल राना मगर
कोषाध्यक्ष



भोला प्रसाद मरहट्टा
सदस्य (ऋण उपसमिति संयोजक)



ज्ञानहरी अर्याल
सदस्य (शिक्षा उपसमिति संयोजक)



बसन्त बस्नेत
सदस्य (धितो मुल्यांकन उपसमिति संयोजक)



मनकाजी श्रेष्ठ
सदस्य



रामहरी के.सी.
सदस्य

## सल्लाहकार



अच्युतलाल श्रेष्ठ
सल्लाहकार एवं संस्थापक अध्यक्ष



कृष्ण कुमार श्रेष्ठ
सल्लाहकार



जगत सिं गुरुङ
सल्लाहकार

## लेखा सुपरीवेक्षण समिति



नारायण खत्री
संयोजक



गोकर्ण बहादुर राना मगर
सदस्य



डण्डपाणी कट्टेल
सदस्य

## शिक्षा उप-समिति सदस्य



भेष बहादुर खड्का



कृष्ण ढकाल

## धितो मुल्यांकन उप-समिति



शिवध्वज खत्री



पुस्कल अर्याल

## ऋण उप-समिति सदस्य



कृष्णमान श्रेष्ठ



रन बहादुर खत्री

**सदस्यको नाम :** ..........................................................................

**सदस्यको ठेगाना :** ..........................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

सहकारी ऐन २०४८ बमोजिम स्थापित

दर्ता नं. ५११/०६७/०६८
पान नं. ३०४७६३७३९

# श्री सिद्धि गणेश
## बचत तथा ऋण सहकारी संस्था लि.
## SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD.

च.नं. : ०२०-०८३/८४

मिति : २०८३।०४।१३

श्री सदस्य ज्यू,
श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.,
गोरखा ।

बिषय : सोह्रौं बार्षिक साधारण सभा सम्बन्धमा ।

उपरोक्त विषयमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. हरमटारी गोरखाको संचालक समितिको मिति २०८३ श्रावण ७ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको सोह्रौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने हुँदा यहाँको अनिवार्य उपस्थितिको लागी सादर निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८३ भाद्र ६ गते शनिवार ।
स्थान : गोरखा गार्डेन होटल, गोरखा ।
उपस्थिति : बिहान १० बजेदेखि
साधारण सभा शुरु हुने समय : बिहान ठीक ११ बजेदेखि ।

**प्रस्तावित बिषयहरु**
१, संस्थाको प्रगती प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन र भावी कार्यक्रम प्रस्तुत तथा अनुमोदन
२, आ.व. ०८२।८३ को लेखापरीक्षण एवं संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
३, लेखा सुपरीवेक्षण समिति एवं उपसमितिहरुको प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
४, सेयर लाभांश, संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा
५, लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा
६, बार्षिक योजना कार्यान्वयन सम्बन्धमा
७, नयाँ तथा अद्यावधिक कार्यविधिहरु अनुमोदन सम्बन्धमा
८, निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा
९, साधारण सभाबाट उठेका अन्य विविध विषयहरु

संस्थाको प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन www.siddiganesh.com.np र संस्थाको WhatsApp ग्रुपबाट भाद्र ३ गतेदेखि डाउनलोड गरी अध्ययन गर्न सक्नुहुनेछ ।

श्रवण कुमार जोशी
सचिव

Gorkha Municipality-6, Haramtari, Gorkha, Tel: 064-421555, Fax: 064-421556
E-mail: siddiganeshgrk@gmail.com, Website: www.siddiganesh.com.np

# कार्यक्रम

**उद्घाटन सत्र कार्यक्रम**

- मिति : २०८३ भाद्र ६ गते शनिवार ।
- स्थान : गोरखा गार्डेन होटल, गोरखा ।
- उपस्थिति : १० बजेदेखि
- साधारण सभा शुरु हुने समय : बिहान ठीक ११ बजेदेखि ।
- आसन ग्रहण
- राष्ट्रिय गान
- स्वागत मन्तव्य
- समुद्घाटन कार्यक्रम
- संस्थाको प्रगती प्रतिवेदन एवं भावी लक्ष्य तथा कार्यक्रम प्रस्तुत
- संस्थाको आर्थिक प्रतिवेदन एवं बार्षिक बजेट प्रस्तुत
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत तथा अनुमोदन
- शुभकामना मन्तव्य
- साधारण सभाका निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि वा टिप्पणीकर्ता छनोट
- संस्थाको प्रगती प्रतिवेदन एवं भावी लक्ष्य तथा कार्यक्रम उपर छलफल तथा अनुमोदन
- आर्थिक प्रतिवेदन एवं बार्षिक बजेट उपर छलफल तथा अनुमोदन
- सेयर लाभांश, संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा
- लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा
- नयाँ तथा अद्यावधिक कार्यविधिहरु अनुमोदन सम्बन्धमा
- साधारण सभाबाट उठेका अन्य विविध विषयहरुमाथि छलफल
- धन्यवाद मन्तव्य तथा सभा समापन ।

**खाजा समय**

**समाप्त ।**

# संस्थाले बचत तथा ऋणमा प्रदान गर्दै आएको हालको व्याजदर

| सि.नं. | बचतको नाम | व्याजदर |
|---|---|---|
| १ | आवधिक बचत | ३.५% |
| २ | बाल बचत | ३% |
| ३ | साधारण बचत | २.७५% |
| ४ | दैनिक बचत | २.७५% |
| ५ | विषेश बचत | ३% |
| ६ | जेष्ठ नागरिक बचत | ३% |
| ७ | नारी बचत | ३% |
| ८ | कर्मचारी बचत | ४% |
| ९ | चल्ती खातामा बचत | - |
| १० | भु.पु सैनिक बचत | ३% |
| ११ | अक्षयकोष बचत | ५% |
| १२ | बाल भविष्य बचत | ५% |
| १३ | मासिक बचत | ४% |

| सि.नं. | ऋणको नाम | व्याजदर |
|---|---|---|
| १ | कृषि, पर्यटन तथा घरेलु उद्योग कर्जा लगानी | ७.९९% |
| २ | किस्ताबन्दी कर्जा लगानी | ७.९९% |
| ३ | घरायसी कर्जा लगानी | ७.९९% |
| ४ | हायर पर्चेज कर्जा लगानी | ७.९९% |
| ५ | सामुहिक जमानी कर्जा लगानी | ९% |
| ६ | अल्पकालिन कर्जा लगानी | १०% |
| ७ | ब्यापारिक कर्जा लगानी | ७.९९% |
| ८ | मुद्धती बचतमा कर्जा लगानी | थप २% |
| ९ | वैदेशिक कर्जा लगानी | ७.९९% |
| १० | यातायत व्यवसाय कर्जा लगानी | ७.९९% |
| ११ | मासिक बचतमा कर्जा लगानी | ७.९९% |



# सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२।८३ को बार्षिक प्रतिवेदन, २०८३।८४ को प्रस्तावित कार्यक्रम

प्रस्तुतकर्ता : सचिव श्री श्रवण कुमार जोशी मिति : २०८३ भाद्र ६ गते

**श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. हरमटारी गोरखाको १६ औं बार्षिक साधारण सभाका अध्यक्षज्यू, यस सभाका प्रमुख अतिथि एवं संस्थाका संस्थापक अध्यक्षज्यू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारीज्यूहरु तथा संचालक समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु तथा सेयर सदस्यज्यूहरु र संस्थाका कर्मचारीज्यूहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।**

**आदरणीय सेयर सदस्यज्यूहरु,**

**गोरखा नगरपालिकाभित्रको कार्यक्षेत्रलाई लक्षित गर्दै २७ जना शेयर सदस्यहरूको सक्रिय पहलमा आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने उद्देश्य राखी श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि., गोरखाको स्थापना भएको हो। सहकारीले एकआपसमा सहयोग आदान-प्रदान र भाइचाराको सम्बन्धलाई मजबुत बनाउँदै गोरखा जिल्लाको सहकारी इतिहासमा एउटा उदाहरणीय तथा नमुना सहकारीका रूपमा आफूलाई प्रस्तुत गर्ने लक्ष्य तय गरेको छ।**

**२०६७ साल पौष १७ गतेदेखि संस्था स्थापना सम्बन्धी छलफल प्रारम्भ भई २०६७ साल माघ १ गते सम्पन्न प्रथम प्रारम्भिक भेलाले श्री अच्युतलाल श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरेको थियो। तत्पश्चात् २०६७ साल माघ २६ गते डिभिजन सहकारी कार्यालय दमौलीमा संस्थाको विधिवत् दर्ता गराई २०६८ साल बैशाख २३ गते शुक्रबारदेखि साविक गो.न.पा.-३ हरमटारीमा संस्थाको काउन्टर स्थापना गरी नियमित कारोबार प्रारम्भ गरिएको हो।**

**विगतका वर्षहरुमा संस्थाले अवलम्बन गर्दै आएका सकारात्मक विषय र समय परिस्थिति अनुरुप सहकारी विभाग, प्रदेश सरकार, राष्ट्रिय सहकारी महासंघ तथा प्राधिकरण र सहकारी नियमक निकायले जारी गरेका मार्ग निर्देशनलाई आत्मसाथ गर्दै संस्थागत सुशासन कायम गर्न यथासम्भव प्रयास गरिएको व्यहोरा जानकारी गराउँदछु । हालै बनेको सहकारी प्राधिकरणले जारी गरेको नीति तथा निर्देशनहरुको पालना गर्दै सो अनुरुप संस्थाले अपनाउनु पर्ने कार्यहरुलाई प्राथमिकता दिंदै संस्थामा सो कार्यहरुको सूचि बनाई कार्य सम्पन्न गरि सहकारीलाई नीति र विधिमा चलायमान बनाउन हामी सबै समर्पित भई लागिरहेका छौं । सो को लागी प्रत्येक सदस्यज्यूहरुलाई ध्यानाकर्षण गराउँदै सो कार्यका लागि सबैले ऐक्यबद्धता जनाउनु हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।**

**देशमा हाल बैंक तथा वित्तीय संस्थामा तरलता थुप्रिएको अवस्था रहेको छ भने सहकारी क्षेत्रमा पनि वित्तीय संकटको प्रभाव देखा परेको छ । सहकारीको मूल्य, मान्यता, सदस्य केन्द्रीत सेवा र सामाजिक उत्तरदायित्व अनुरुप संस्थाहरुलाई सुरक्षित र प्रभावकारी रुपमा सञ्चालन गर्न चुनौती बढेको छ यद्यपी सहकारी संस्थाहरु स्थानीय समुदायको आर्थिक विकास, रोजगारी सिर्जना, बचत तथा लगानी प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम हुन् ।**

शेयर सदस्य महानुभावहरु,

सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति तथा व्यवस्थापन बीचको प्रभावकारी समन्वय, सामूहिक निर्णय, पारदर्शी कार्यप्रणाली र जिम्मेवारीलाई प्रभावकारी बनाउँदै संस्थालाई अझ सबल र विश्वसनीय बनाउने हाम्रो प्रमुख प्रतिबद्धता रहेको छ । आगामी दिनमा सदस्यहरूको हित, संस्थाको वित्तीय सुदृढता तथा दीगो विकासलाई प्राथमिकतामा राखी संस्थाका सम्पूर्ण गतिविधिहरूलाई थप व्यवस्थित, प्रभावकारी र सदस्य-केन्द्रीत बनाउँदै लैजाने हामी दृढ विश्वास व्यक्त गर्दछौं ।

आदरणीय प्रमुख अतिथि एवं शेयर सदस्यज्यूहरु,

२०८२ भाद्र १४ गते सम्पन्न संस्थाको पन्ध्रौं साधारणसभामा प्रस्तुत गरिएको भावि कार्ययोजना तथा कार्यक्रम बमोजिम आ.व. २०८२/८३ मा संस्थाले गरेको प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्दैछु।

१) आ.व. २०८२।८३ मा संचालक समितिको जम्मा १८ वटा बैठक सम्पन्न गरिएको छ ।

२) आ.व. २०८२।८३ मा लेखा सुपरीवेक्षण समितिको ३ वटा बैठक, ऋण उप समितिको १६ वटा बैठक, शिक्षा उपसमितिको १ वटा बैठक र धितो मुल्यांकन उपसमितिको ४ वटा बैठक सम्पन्न गरिएको छ ।

३) संस्थामा हालसम्म महिला सेयर सदस्य ६७० र पुरुष सेयर सदस्य ५६८ गरी १२३८ जना सेयर सदस्य रहनु भएको छ ।

४) संस्थाको पन्ध्रौं बार्षिक साधारण सभा २०८२ भाद्र १४ गते शनिबार होटल गोरखा गार्डेनमा गोरखा नगरपालिकाका नगर प्रमुख कृष्ण बहादुर राना मगर ज्यूको प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमहरु सहित सम्पन्न गरियो ।

५) संस्थाले विभिन्न समयमा बजार बिश्लेषण गरी आवश्यक परेको बखतमा बचत तथा ऋणको व्याजदरमा परिवर्तन गर्दै आएका छौं ।

६) संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यक्रम अन्तर्गत पन्ध्रौं स्थापना दिवसको अवसरमा २०८२ माघ २६ गते गोरखा नगरपालिका वडा नं. ६ स्थित गोरक्षनाथ वैदिक गुरुकुलका वटुकहरुलाई खाद्यान्न सामग्री उपलब्ध गराईयो ।

७) स्थापना दिवसकै अवसर पारेर संस्थाका शेयर सदस्यहरुका लागी उपचारमा १५% छुट प्रदान गर्ने गरी गोरखाको एन.पी.आई. गोरखा अस्पतालसंग स्वास्थ्य सम्झौता सम्पन्न गरियो ।

८) संस्थाले २०८२ माघ २ गतेबाट गर्ने भनिएको अवलोकन भ्रमण देशमा चुनावको माहोलको कारणले स्थगित गरिएको जानकारी गराउँदछु ।

९) गोरखा नगरपालिकाको आयोजनामा होटल गोरखा प्यालेसमा ६९ औं सहकारी दिवसको अवसरमा २०८२ चैत १९ र २० गते आयोजना भएको सहकारीका अध्यक्ष र व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम कार्यक्रममा संस्थाको प्रबन्धकको सहभागिता रहेको थियो ।

१०) मिति २०८३ जेठ २२ देखि २३ सम्म संस्थाको आयोजना चितवनस्थित कविलास रिसोर्टमा संस्थाको बार्षिक बजेट योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको र उक्त गोष्ठीमा यस संस्थाका संचालक

समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिहरुका सदस्यज्यूहरु लगायत प्रबन्धकको समेत सहभागी भएको जानकारी गराउँदछु ।

११) गोरखा नगरपालिकाको आयोजनामा मिति २०८३ जेठ २६ र २७ गते सम्पन्न गोरखा नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाका सचिव र व्यवस्थापकहरुको लागी बार्षिक कार्ययोजना तथा बजेट निर्माण सम्बन्धमा संचालित २ दिने प्रशिक्षण कार्यक्रममा संस्थाका प्रबन्धक गणेश बाबु श्रेष्ठज्यूले सहभागिता जनाउनु भएको थियो ।

१२) राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा संस्थालाई दर्ता गरी २०६७-०२०९५ नम्बरको संचालन ईजाजत पत्र प्राप्त गरिएको छ ।

१३) राष्ट्रिय सहकारी बैंक लि. मा सहकारी संस्थाको कम्तीमा २५ हजार शेयर हुनुपर्ने भएकोमा १५ हजार शेयर रकम थप गरीयो ।

१४) यस आ.व. मा विभिन्न मितिमा सेयर सदस्यहरुले दिनुभएको निवेदन अनुसार सेयर सदस्यहरुको एकाघरका परिवारको सदस्यहरुलाई शेयर हस्तान्तरण गरियो ।

१५) संस्थाको आ.व. २०८२।८३ को लेखापरिक्षणको लागी बि. एण्ड एसोसिएट्स्का रजिष्टर्ड अडिटर बिष्णु प्रसाद बराललाई नियुक्ती गरी लेखापरीक्षण सम्पन्न गरियो ।

१६) संस्थाको पुनर्लेखित विनियमको कोष विभाजनलाई परिमार्जन गर्ने निर्णय अनुसार सो विनियम संसोधन भएको जानकारी गराउँदछु ।

१७) संस्थाको निति, नियम र परिधी भित्र रही प्रक्रिया पुऱ्याई ऋण उपसमितिको सिफारिसमा लगानी भएका सम्पूर्ण ऋणहरुको अनुमोदन गरिएको छ ।

१८) जिल्लास्थित सरकारी, गैरसरकारी एवं वित्तिय संस्थाहरुले विभिन्न समयमा उपस्थितिको लागि प्राप्त निमन्त्रणाहरुमा यस संस्थाबाट संस्थाका पदाधिकारी एवं संचालकज्यूहरुले उपस्थिति जनाउनु भएको थियो ।

१९) संस्थामा नयाँ कर्मचारीहरु श्री रजनी आले मगर कुवँर लाई कार्यालय सहायक पदमा र रविन्द्र थापा लाई कार्यालय सहयोगी पदमा २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी स्थायी नियुक्ती प्रदान गरियो ।

२०) सदस्यहरुको सहजताको लागी यस संस्थाले संचालन गर्दै आएको मोवाईल बैंकिङ्ग एपबाट दैनिक ३ लाखसम्म र मासिक ३० लाखसम्म रकम सिधै बैंक ट्रान्सफर हुने तथा सबैखालको विल भुक्तानी गर्ने व्यवस्थालाई अझै प्रभावकारी बनाउदै कर लगायतका सरकारी भुक्तानी सेवा थप गरिदै लगिएको छ । साथै संस्थामा रहेको खातामा अन्य बैंक तथा वित्तिय संस्थाहरुबाट नि:शुल्क रुपमा QR गरी तत्काल सहकारीको सदस्य स्वयंको खातामा ट्रान्सफर हुने तथा Connect IPS मार्फत पनि सहकारीको खातामा रकम जम्मा गर्न सकिने व्यवस्था गरिएको जनकारी गराउँदछु ।

२१) आर्थिक बर्ष २०८२/८३ मा संस्थाले आर्जन गरेको मुनाफा मध्येबाट वितरणयोग्य लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरणको लागी यस साधारण सभामा प्रस्ताव पेश गरिएको छ ।

आदरणीय सेयर सदस्यज्यूहरु,

अब म आगामी आ.व. २०८३।८४ को लागि संस्थाले तय गरेको बार्षिक कार्ययोजना प्रस्तुत गर्दछु ।

संस्थालाई मर्यादित र व्यावसायिकरण गरी दीगो, भरपर्दो र विश्वसनिय रुपमा स्थापित गर्न विगत वर्षहरुमा संस्थाले अङ्गिकार गरेको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दै सदस्यहरुको भावनालाई आत्मसात् गर्ने प्रयासका साथ संस्थाबाट आ.व. २०८३/०८४ को लागि निम्न बमोजिमको बार्षिक कार्ययोजना तय गरिएको छ ।

**बचत :**

१. संस्थाको मूल पूँजीको रुपमा रहने मासिक बचत रकमलाई नियमित रुपमा संस्थामा जम्मा गर्नको लागि सदस्यहरुलाई प्रभावकारी रुपबाट सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

२. मासिक बचत जम्मा नगर्ने तथा सम्पर्कमा नहुने सदस्यहरुलाई संस्थाबाट प्रदान गरिने सेवा सुविधाहरुबाट वञ्चित गरिने साथै सदस्यता खारेजीतर्फ आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ ।

३. संस्थामा मासिक बचत जम्मा गर्न बाध्यात्मक परिस्थितिबाट वञ्चित हुने सदस्यहरुको लागि नीजको अनुरोधमा एकमुष्ठ जम्मा गरिदिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४. सहकारी ऐन २०७४ (संशोधन २०८१) को दफा ५२ (क) को उपदफा १ मा भएको प्रावधान अनुरुप संस्थाको प्राथमिक पूँजी कोषको १० प्रतिशत सम्म सदस्यहरुले व्यक्तिगत बचत गर्न पाउने प्रावधानको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

५. संस्थाबाट भईरहेको दैनिक बचत रकम संकलन कार्यबाट संस्था र शेयर सदस्यहरुमा परेको प्रभाव मूल्याङ्कनको अध्ययन एवं विश्लेषण गरी थप प्रभावकारी बनाईनेछ ।

६. सदस्यहरुको बचत रकमको सुरक्षाको सुनिश्चितताको प्रत्याभूति गर्दै संस्थामा नियमित रुपमा तरलताको व्यवस्थापन तर्फ विशेष संवेदनशिलता अपनाइनेछ ।

७. अनिवार्य रुपमा संस्थामा जम्मा गर्नु पर्ने मासिक बचत सहित कम्तिमा २ वटा बचतका विधाहरुमा सहभागी भएको साथै आफूले लिएको ऋणको नियमित रुपमा किस्ता बुझाउने शेयर सदस्यहरुलाई बचतबाट प्राप्त गरेको ब्याज र ऋणमा बुझाएको ब्याज रकमको आधारमा प्रोत्साहन स्वरुप संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गरिने नीतिलाई निरन्तर कायम गर्दै सो सम्वन्धी विस्तृत जानकारी सदस्यहरुले अनिवार्य रुपमा राख्नु पर्ने महत्व एवं औचित्यलाई दृष्टिगत गरी आवश्यक सूचना निरन्तर सम्प्रेषण गरिनेछ ।

८. सदस्यहरुको सबै बचतका रकमहरुको विश्वसनिय रुपमा अभिलेखिकरणको कार्य सहित बचत खाताहरुको गोपनियताको संवेदनशिलता तर्फ व्यवस्थापन तहलाई विशेष सजगता अपनाउन ध्यानाकर्षण गरिनेछ ।

**ऋण :**

१. संस्थाबाट प्रवाह गरिने ऋणमा कुनै पनि जातजाति, धर्म, वर्ण, लिङ्ग, भूगोल र राजनैतिक आस्थाको आधारमा भेदभाव नगरी समानताको दृष्टिकोण अपनाइनेछ ।

२. सदस्यहरुबाट नै संकलन भएको बचत रकमबाट सदस्यहरुलाई नै प्रदान गरिने ऋण रकमको सम्बन्धित ऋणी सदस्यले संस्थाको उद्देश्य, मर्म र संवेदनशिलतालाई आत्मसात गरी समयमै ऋण

बुझाउनु पर्ने शेयर सदस्यहरुको दायित्वलाई संस्थाबाट सम्मानका साथ सौहार्दपूर्ण ढंगबाट शेयर सदस्यहरुको साखमा आँच आउन नदिने गरी गरिएको व्यवहारलाई सदस्यहरुले गौरबको अनुभूति गर्ने गरी प्रारम्भिक चरणमा परामर्श सेवा अभियान सञ्चालन गरिनेछ ।

३. ऋण प्रवाह गर्दा ऋण माग निवेदनको दर्ता क्रमलाई प्राथमिकता दिई कार्यवाही अगाडि वढाइने व्यवस्था मिलाइनेछ ।

४. संस्थाबाट प्रवाह गरिने ऋणको सुरक्षाको सुनिश्चितता मापन गर्ने सूचक ५ सि (Character, Capacity to Pay, Capital Structure, Collateral, Condition) को सूक्ष्म रुपमा वस्तुनिष्ठ तवरबाट संस्थाबाट गरिदै आएको विश्लेषणात्मक अध्ययनलाई संवेदनशिलताका साथ थप प्रभावकारी बनाइनेछ ।

५. शेयर सदस्यहरुले संस्थामा जम्मा गरेको आफ्नै बचत रकमको धितोमा पाइने ऋण रकममा व्याजमा सहुलियत गर्न सकिने पक्ष तर्फ आवश्यक गृहकार्य गरिनेछ ।

६. व्यवसाय सञ्चालन गर्ने ऋणी सदस्यहरुले समयमै ऋणको किस्ता बुझाउन नसक्ने भएमा तत्काल समयमा नै संस्थामा उपस्थित भै व्यवसाय सञ्चालनको अवस्था सहित विस्तृत रुपमा लिखित जानकारी संस्थामा दिनु पर्ने र सो सम्बन्धमा सम्बन्धित उपसमितिबाट आवश्यक अनुगमन गरी राय सहितको प्रतिवेदन संस्थामा पेश गर्नु पर्ने व्यवस्था गरिनेछ । साथै उक्त प्रतिवेदनलाई आधार मानी किस्ताको समय घटवढ (परिवर्तन) गर्न सकिनेछ ।

७. भाखा नाघेको ऋणी सदस्यहरुलाई संस्थाबाट गरिएको र गरिने भद्र परामर्श पश्चात अपेक्षित उपलब्धी नभएमा संस्थामा जमानत वापत राखेको धितो लिलाम विक्री तर्फ आवश्यक प्रक्रिया अगाडि वढाइनेछ । साथै व्यक्ति जमानीमा प्रवाह भएको ऋणको हकमा सम्बन्धित जमानी कर्ता मार्फत ऋण असुलीको लागि प्रक्रिया अगाडि वढाइने छ ।

८. ऋणी सदस्यहरुले लामो समय अगाडिदेखि जमानत वापत संस्थामा राखेको धितोको वर्तमान परिवेशको अध्ययन गरी सो धितोको पूनर्मूल्याङ्कन गरेर मात्र पुनः ऋण दिने र खराब ऋणको हकमा लिलाम विक्री गर्ने व्यवस्था गरिनेछ ।

९. भाखा नाघेको ऋणी सदस्य लगायत अन्य सदस्यहरुलाई समय समयमा समूह भेला गरी ऋण समयमा नबुझाउदा पर्न सक्ने भावी असर र ऐन कानून बारे जानकारी दिन सचेतना तथा कानूनी साक्षरता कार्यक्रम गरिनेछ ।

## शिक्षा :

१. संस्थाको विश्वसनियता एवं सुरक्षा सुनिश्चितताको प्रत्याभूतिको लागि शेयर सदस्य तथा गैर सदस्यहरु समेतमा निकट सम्वन्ध स्थापित गर्दै वित्तीय साक्षरता एवं सहकारी शिक्षाका कार्यक्रमहरु गरिनेछन् ।

२. संस्थाले प्रत्येक बर्ष सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम गर्दै आएकोमा यस बर्ष पनि सो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. संस्थामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्नको लागी कम्तिमा २ वटा कर्मचारी क्षमता विकास तालिम संचालन गरिनेछ ।

४. संचालक समिति, उपसमितिका सदस्यज्यूहरुका लागी कम्तिमा १ वटा गोष्ठी तथा अन्तरकृया कार्यक्रम संचालन गरिनेछ।
५. व्यक्तिगत वित्त व्यवस्थापन, बचत संस्कार विकास, ऋण व्यवस्थापन, डिजिटल बैंकिङ्ग तथा वित्तिय सेवाका विषयमा सदस्यहरुलाई जानकारी प्रदान गर्ने उद्देश्यले कम्तिमा २ वटा सदस्य शिक्षा कार्यक्रम संचालन गर्ने लक्ष्य लिएका छौं ।
६. संस्थालाई अद्यावधिक राख्नका लागी आवश्यक कार्यविधिहरु थप गरिदै लगिनेछ ।
७. संस्थाका सदस्यहरुलाई संस्थाको विविध विषयमा जानकारी प्रदान गर्ने उद्देश्यले संस्थाको कार्यालयमा डिजिटल वडापत्र र सुचनापाटी राखिनेछ ।
८. आगामी बर्षको निति तथा कार्यक्रमको योजना, बजेट निर्माण र रणनैतिक योजनाको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**व्यवसाय प्रवर्द्धन :**

१. ऋण सदुपयोगिताको व्यवसाय निरीक्षणको क्रममा व्यवसायको निरन्तरता तथा दीगोपनाको पक्षलाई दृष्टिगत गरी सम्भावित जोखिमको विश्लेषणात्मक अध्ययन गरिनेछ ।
२. नियामक निकायमा व्यवसाय दर्ता गरी सञ्चालन गरेका असल व्यवसायीहरुलाई सञ्चालक समितिको निर्णय अनुसार व्यवसाय प्रवर्द्धन गर्न ऋण लगानी गर्न सकिनेछ ।

**सुशासन प्रवर्द्धन :**

१. संस्थाको मालिकको रुपमा रहनु भएका शेयर सदस्यहरुलाई संस्थामा सेवा लिन आउदा आतिथ्यता पूर्वक सौहार्दता पूर्ण तवरवाट First Come First Serve को रुपमा सेवा प्रदान गरिनेछ ।
२. सेवाग्राहीलाई सहजताको लागि काउन्टर कक्ष परिसरमा सोधपुछ कक्ष एवं सहायता कक्षको व्यवस्थापन गरिनेछ ।
३. संस्थामा मितव्ययिताको सिद्धान्तलाई अबलम्वन गर्दै संस्थाको सम्पत्ति दुरुपयोग हुन नदिने एवं भ्रष्ट्राचार र दूराचार प्रति सुन्य शहनशिलताको नीति अख्तियार गरिनेछ ।
४. संस्थामा नीति, विधि र प्रविधिमा आधारित रही सुशासन स्थापनाको लागि सदैव प्रयत्नशिल रहनेछ । "समृद्ध सदस्य, उत्कृष्ट सहकारी" भन्ने तथ्यलाई मनन गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त ढंगवाट मजबुत वनाइनेछ ।
५. यस संस्थावाट गरिने हरेक क्रियाकलाप एवं गतिविधिहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड एवं दिग्दर्शन र संस्थावाट तयार भएको विनियम, नीति, कार्यविधि अनुसार सञ्चालन गरी संस्थामा सुशासन स्थापित गरिनेछ ।
६. सम्पत्ति सुद्धिकरण ऐन २०६४ मा व्यवस्था भएको प्रावधान अनुरुप शंकास्पद कारोबार प्रतिवेदन (STR) र न्युनतम कारोबार प्रतिवेदन (TTR) को रिपोर्ट सम्बन्धित निकायमा पठाइने कार्यको थालनी गरिनेछ ।

**सूचना प्रविधि :**

१. संस्थाद्धारा संचालित मोबाइल बैंकिङ्ग सेवामा सवै सदस्यहरुलाई सहभागिताको लागि प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्दै E-Banking को अन्य थप सेवाहरु पनि क्रमशः सञ्चालन गरिदै लगिनेछ ।

२. संस्थासँग सम्बन्धित जानकारीहरु संस्थाको वेभसाइट www.siddiganesh.com.np मा अद्यावधिकका साथै स्तरोन्नति गरिनेछ ।

३. संस्थाको संरक्षण, सम्बर्द्धन र नियमितताको लागि नियामक निकायको अनुगमन कार्यमा सहजता ल्याउन सञ्चालनमा आएको सफ्टवयर COPOMIS मा संस्थाको सूचना, तथ्याङ्क एवं संस्थासँग सम्बन्धित आवश्यक सम्पूर्ण गतिविधिहरुको अभिलेखीकरणमा थप प्रभावकारी वनाइनेछ ।

४. सूचनाको हक सम्वन्धी ऐन-२०६४, बमोजिम संस्थाको वित्तीय विवरण लगायत सम्पूर्ण गतिविधि एवं क्रियाकलापहरुको वारेमा जन समुदायमा सूचना पाउने हकको प्रत्याभूति गर्दै सूचना अधिकारीको व्यवस्था गरिनेछ ।

५. संस्थाबाट प्रदान गरिने सम्पूर्ण सूचना तथा जानकारीहरु संस्थाको वेवसाईट, फेसबुक पेज, SMS र WhatsApp ग्रुपमार्फत सम्प्रेषण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

६. Cash Less को अवधारणा अनुरुप डिजिटल प्रविधिबाट बैंकिङ्ग कारोवार गर्नका लागि संस्थाबाट वितरण गरिदै आएको QR कोडलाई थप विस्तार गरिदै लगिनेछ ।

७.संस्थामा हाल प्रयोगमा रहेको MfinPro सफ्टवयरको स्तरोन्नति गरिदै लगिनेछ ।

**व्यवस्थापन तह तर्फ :**

१. संस्थालाई मजबुत पार्न अहम् भूमिका रहने स्थायी संयन्त्रको रुपमा रहेको कर्मचारीहरुलाई आवश्यक ज्ञान, सिप र क्षमता अभिबृद्धिको लागि समयानुकूल सूचना प्रविधि लगायत विविध तालिमको ब्यवस्थापन गरिनेछ ।

२. संस्थामा तथ्याङ्क एवं अभिलेखहरु सुरक्षित एवं भरपर्दो रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

३. संस्था सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थायी संयन्त्रको रुपमा रहेको ब्यवस्थापन तहका कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा क्षमता विश्लेषण गरी सेवा तथा सुविधा तर्फ पुनारावलोकन गरिनेछ ।

४. संस्थाको कार्य घनत्वका आधारमा मौजुदा कर्मचारीहरुको कार्यबोझको विश्लेषण गरी आवश्यकता अनुसार कर्मचारी पदपूर्ति गरिनेछ ।

५. कानूनी ज्ञान तथा काम कर्तव्य र अधिकारको वारेमा सञ्चालक समिति र व्यवस्थापन तह बीच अन्तरक्रियात्मक कार्यक्रम गरिनेछ ।

**विविध :**

१. सञ्चालक समिति अन्तर्गत रहेको विभिन्न उप समितिहरुलाई आवश्यक क्रियाशिलता वढाउन उत्प्रेरित गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२. संस्थाको दीगो विकास र प्रवर्द्धनका लागि अनुभव एवं ज्ञान एक अर्को बीच आदान प्रदान गर्ने उद्देश्यवाट नमूना योग्य साकोसहरुको अध्ययन र अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।

३. संस्था नाफामुखी मात्र नभई सदस्य तथा समुदाय केन्द्रीत सेवामुखीको रुपमा संस्थालाई स्थापित गर्ने रणनीतिका साथ क्रियाकलापहरु सञ्चालन गरिने छन् ।
४. अध्ययन अवलोकन भ्रमणको व्यबस्था गरिनेछ ।
५. समय अनुरुप राज्यको अर्थनितिमा आधारित रही व्याजदर समयानुकुल बनाईनेछ ।

आदरणीय सेयर सदस्यज्यूहरु,
अब म आगामी आ.व. २०८३।८४ को लागि संस्थाले तय गरेको बार्षिक अनुमानित लक्ष्य प्रस्तुत गर्दछु ।

| विवरण | आ.व. २०८२।८३ को यथार्थ | आ.व. २०८३।८४ को थप | आ.व. २०८३।८४ को लक्ष्य |
|---|---|---|---|
| शेयर सदस्य संख्या | १,२३८ | १२३ | १,३६१ |
| शेयर रकम | ४,४६,७१,७०० | ३०,७५,००० | ४,७७,४६,७०० |
| बचत | २५,९९,७८,७७४ | २,५९,९७,८७७ | २८,५९,७६,६५१ |
| ऋणी संख्या | २७० | ७० | ३४० |
| ऋण | १८,७२,२२,११९ | ७,४८,८८,८४८ | २६,२१,१०,९६७ |
| संचालक समिति बैठक | १८ | २ | २० |
| लेखा सुपरीवेक्षण समिति बैठक | ३ | १ | ४ |
| ऋण उपसमिति बैठक | १६ | ८ | २४ |
| धितो मुल्यांकन उपसमिति बैठक | ४ | ११ | १५ |
| शिक्षा उपसमिति बैठक | १ | ४ | ५ |
| व्याज आम्दानी | २,२१,९३,७४२ | १३,९६,२४५ | २,३५,८९,९८७ |
| व्याज खर्च | १,३०,८५,८३३ | -२३,६१,७०९ | १,०७,२४,१२४ |
| अन्य आम्दानी | २०,१८,४३७ | ८,०७,३७५ | २८,२५,८१२ |
| प्रशासनिक एवं कर्मचारी र ह्रास खर्च | ६३,५२,१५७ | ११,१५,९३८ | ७४,६८,०९५ |
| नाफा | ४७,७४,१८९ | | ८२,२३,५८० |
| कर्जा नोक्सानी कोष समायोजन | १३,०२,५११ | | |

अन्त्यमा, यहाँहरुले माया र विश्वास गरी जिम्मेवारी वहन गर्ने अवसर प्रदान गरीदिनु भएकोमा सम्पूर्ण सेयर सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । संस्थाको उद्देश्यहरु सफलतापुर्वक हाँसिल गर्न निरन्तर साथ, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने आदरणिय अध्यक्षज्यू, संस्थापक अध्यक्षज्यू, सल्लाहकारज्यू, उपाध्यक्षज्यू, कोषाध्यक्षज्यू, सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, व्यवस्थापक तथा सम्पूर्ण कर्मचारीज्यूहरुमा हृदयदेखि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस प्रगति प्रतिवेदनलाई आवश्यक तथ्यांक तथा सूचनाले समृद्ध बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरुप्रति म कृतज्ञ छु । संस्थाको आगामी दिशा, नीति तथा कार्ययोजनाहरुलाई सम्बोधन गर्दै सभामा प्रस्तुत भएको यो प्रतिवेदनमाथि पर्याप्त छलफल गरी अनुमोदन हुनेछ भन्ने पूर्ण विश्वासका साथ मेरो प्रतिवेदन अन्त्य गर्दछु । धन्यवाद । जय सहकारी ।

सचिव
श्रवण कुमार जोशी

# सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२।८३ को आर्थिक प्रतिवेदन, २०८३।८४ को प्रस्तावित बजेट तथा कार्यक्रम

प्रस्तुतकर्ता : कोषाध्यक्ष श्री विशाल राना मगर मिति : २०८३ भाद्र ६ गते

**श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड गोरखाका अध्यक्ष एवं सोह्रौं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नु भएका यस गरिमामय सभाका प्रमुख अतिथिज्यू, संस्थाका सल्लाहकारज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू एवं सदस्यज्यूहरू, संस्थाका पदाधिकारी तथा सदस्यज्यूहरू, विभिन्न उपसमितिका सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा यस महत्वपूर्ण अवसरमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।**

**आदरणीय सदस्य महानुभावहरू,**

**सहकारीको मूल मर्मअनुरुप पारस्परिक सहयोग, विश्वास, सद्भाव, पारदर्शिता, उत्तरदायित्व र सदस्य हितलाई केन्द्रमा राख्दै हाम्रो संस्था स्थापना कालदेखि नै निरन्तर अगाडि बढिरहेको छ। सदस्यहरूको आर्थिक तथा सामाजिक हितलाई प्राथमिकतामा राखी संस्थाको संस्थागत सुशासन, वित्तीय अनुशासन र दिगो विकासलाई थप सुदृढ बनाउने प्रयास गर्दै आएका छौं।**

**यसै सिलसिलामा आर्थिक वर्ष २०८२/०८३ मा संस्थाले सञ्चालन गरेका विभिन्न वित्तीय तथा प्रशासनिक गतिविधिहरू, हासिल गरेका उपलब्धिहरू, संस्थाको समग्र वित्तीय अवस्था तथा आगामी दिनमा सामना गर्नुपर्ने सम्भावित अवसर र चुनौतीहरूलाई समेटी तयार गरिएको वार्षिक वित्तीय प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित तथा हर्षित महशुस भएको छ।**

**प्रस्तुत प्रतिवेदनमा २०८३ साल असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरू समावेश गरिएका छन्। साथै, संस्थाको आर्थिक गतिविधि, वित्तीय अवस्था तथा कारोबारको यथार्थ चित्रण हुने गरी तयार गरिएको आर्थिक प्रतिवेदन र लेखापरीक्षकबाट सम्पन्न गरिएको प्रतिवेदन समेत यसमा समावेश गरिएको छ।**

**यस प्रतिवेदनले संस्थाको विगत आर्थिक वर्षको कार्यसम्पादन, वित्तीय अवस्था तथा प्राप्त उपलब्धिहरूको समग्र मूल्याङ्कन गर्न महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु। साथै, संस्थाको आगामी कार्यदिशा तय गर्न, विद्यमान कमजोरीहरू पहिचान गरी सुधार गर्न तथा उपलब्ध अवसरहरूको अधिकतम सदुपयोग गर्न पनि यस प्रतिवेदनले मार्गदर्शन गर्ने अपेक्षा गरेको छु।**

**अतः प्रस्तुत वित्तीय प्रतिवेदनमाथि यहाँ उपस्थित आदरणीय सदस्य महानुभावहरूबाट रचनात्मक छलफल, आवश्यक सुझाव तथा मार्गदर्शन प्राप्त हुनुका साथै संस्थाको भावी नीति, योजना तथा कार्यक्रमलाई अझ प्रभावकारी र सदस्य केन्द्रित बनाउन महत्वपूर्ण सहयोग पुग्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।**

### १. समग्र वित्तीय अवस्था

**आर्थिक वर्ष २०८२/०८३ को अन्त्यमा संस्थाको कुल सम्पत्ति तथा दायित्व रु. ३२ करोड ९४ लाख ८ हजार ६२८ पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यो रकम रु. २८ करोड ७४ लाख १९ हजार ३४ थियो। यसबाट संस्थाको कुल वित्तीय आकारमा १४.६०% वृद्धि भएको छ।**

### २. शेयर पूँजी

**संस्थाको शेयर पूँजी रु. ४ करोड ६ लाख ६९ हजारबाट बढेर रु. ४ करोड ४६ लाख ७१ हजार ७०० पुगेको छ। अर्थात् एक वर्षमा रु. ४० लाख २ हजार ७०० अथवा ९.८५% ले वृद्धि भएको छ।**

### ३. बचत तथा निक्षेप

संस्थाको प्रमुख वित्तीय स्रोतको रूपमा रहेको बचत तथा निक्षेप रु. २२ करोड २१ लाख २० हजार ६२५ बाट बढेर रु. २५ करोड ९९ लाख ७८ हजार ७७४ पुगेको छ। यसमा रु. ३ करोड ७८ लाख ५८ हजार १४९ अर्थात् १७.०४% वृद्धि भएको छ।

विशेषगरी ऐच्छिक, साधारण, दैनिक, विशेष, ज्येष्ठ नागरिक तथा नारी बचत लगायत विभिन्न बचत खातामा उल्लेख्य कारोबार भएको छ।

### ४. ऋण लगानी

आ.व. २०८२/०८३ को अन्त्यमा संस्थाको कुल ऋण तथा सापटी लगानी रु. १८ करोड ७२ लाख २२ हजार ११९ पुगेको छ। अघिल्लो वर्षको रु. १५ करोड ४६ लाख ३४ हजार ४२६ को तुलनामा रु. ३ करोड २५ लाख ८७ हजार ६९३ अर्थात् २१.०७% ले वृद्धि भएको हो।

ऋण लगानीमध्ये कृषि, पर्यटन तथा घरेलु उद्योग, किस्ताबन्दी, हायर पर्चेज, सामूहिक बचत, व्यापारिक, मुद्दती बचत लगायत विभिन्न शीर्षकमा ऋण लगानी गरिएको छ।

### ५. बैंक मौज्दात तथा तरलता

संस्थाको बैंक मौज्दात रु. ११ करोड ६१ लाख ५ हजार ५०० बाट बढेर रु. १२ करोड ६१ लाख ४१ हजार ९४९ पुगेको छ। यसले संस्थाको तत्कालीन तरलता अवस्थामा सुधार भएको देखाउँछ। साथै नगद मौज्दात पनि रु. ३ लाख २० हजार ९६३ बाट बढेर रु. ७ लाख ३ हजार ३८१ पुगेको छ।

### ६. नाफा–नोक्सानको अवस्था

आ.व. २०८२/०८३ मा संस्थाले ५४ लाख ४९ हजार ३१ रुपैयाँ खुद नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षको खुद नाफा रु. ६६ लाख ६० हजार ३७७ रहेको थियो। यसरी खुद नाफामा रु. १२ लाख ११ हजार ३४६ अर्थात् १८.१९% कमी आएको छ।

तर संस्थाको नियमित कारोबारबाट हुने सञ्चालन नाफा रु. ४७ लाख ७४ हजार १९० रहेको छ। सम्भावित ऋण नोक्सानी व्यवस्थामा भएको परिवर्तन तथा विगतमा गरिएको व्यवस्थाको फिर्ता आम्दानीका कारण करअघिको नाफा रु. ६० लाख ७६ हजार ७०१ पुगेको छ।

### ७. ब्याज आम्दानी तथा ब्याज खर्च

संस्थाको कुल ब्याज आम्दानी रु. २ करोड २१ लाख ९३ हजार ७४२ रहेको छ भने ब्याज खर्च रु. १ करोड ३० लाख ८५ हजार ८३३ रहेको छ। फलस्वरूप शुद्ध ब्याज आम्दानी रु. ९१ लाख ७ हजार ९०९ रहेको छ।
त्यसैगरी अन्य सञ्चालन आम्दानी समेत जोड्दा कुल सञ्चालन आम्दानी रु. १ करोड ११ लाख २६ हजार ३४६ पुगेको छ।

### ८. सञ्चालन खर्च

मुख्य सञ्चालन खर्चहरूमा:

- कर्मचारी खर्च – रु. ३० लाख ४३ हजार २४९
- प्रशासनिक खर्च – रु. २६ लाख ९६ हजार ३१५
- ह्रासकट्टी खर्च – रु. ६ लाख १२ हजार ५९२

### ९. ऋण नोक्सानी व्यवस्था

संस्थाले ऋणको गुणस्तर अनुसार ऋण नोक्सानी व्यवस्था कायम गरेको छ। आ.व. २०८२/०८३ को अन्त्यमा ऋण नोक्सानी व्यवस्थाको रकम रु. ४३ लाख ६४ हजार २०१ कायम रहेको छ। ऋण वर्गीकरणमा असल, कमसल, शंकास्पद र खराब ऋण छुट्याइएको छ।

**आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मको बचत, ऋण लगानी र शेयर पूँजीको अवस्थालाई चार्टमा प्रस्तुत गरिएको छ ।**

| आ.व. | बचत | ऋण | शेयर |
|---|---|---|---|
| २०८०.८१ | २०,४७,३६,९२२ | १६,३३,६९,७९९ | ४,०६,५९,७०० |
| २०८१.८२ | २२,२१,२०,६२५ | १५,४६,३४,४२६ | ४,०६,६९,००० |
| २०८२.८३ | २५,९९,७८,७७४ | १८,७२,२२,११९ | ४,४६,७१,७०० |

आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मको बचत, ऋण लगानी र शेयर पूँजीको तुलना।




रकम रु. करोडमा

**"गत वर्षको तुलनामा सदस्य बचत, शेयर पूँजी तथा ऋण लगानीमा वृद्धि भएको छ। यसले संस्थाको कारोबार विस्तार हुँदै गएको देखाउँछ।"**

**पछिल्ला तीन आर्थिक वर्षमा संस्थाले हाँसिल गरेको खुद नाफाको अवस्थालाई चार्टमा प्रस्तुत गरिएको छ ।**

| आ.व. | नाफा |
|---|---|
| २०८०.८१ | ५५,९३,९७९ |
| २०८१.८२ | ६६,६०,३७७ |
| २०८२.८३ | ५४,४९,०३१ |

पछिल्ला तीन आर्थिक वर्षमा संस्थाले हासिल गरेको खुद नाफाको अवस्था।




रकम रु. लाखमा

**"संस्थाको कारोबार विस्तार भए पनि यस वर्ष खुद नाफा अघिल्लो वर्षको तुलनामा केही घटेको छ। त्यसैले आगामी वर्ष हाम्रो मुख्य ध्यान ऋणको गुणस्तर सुधार, खर्च नियन्त्रण र आम्दानी बढाउने तर्फ केन्द्रित हुनुपर्ने देखिएको छ।"**

आदरणीय शेयर सदस्यज्यूहरु,
समग्रमा हेर्दा आ.व. २०८२/०८३ मा संस्थाको वित्तीय आकार, शेयर पूँजी, सदस्य बचत तथा ऋण लगानीमा उल्लेख्य विस्तार भएको छ। कुल सम्पत्ति तथा दायित्व रु. ३२ करोड ९४ लाखभन्दा माथि पुगेको, शेयर पूँजी रु. ४ करोड ४६ लाखभन्दा बढी र बचत तथा निक्षेप रु. २५ करोड ९९ लाखभन्दा बढी पुगेको छ। त्यसैगरी ऋण लगानी रु. १८ करोड ७२ लाखभन्दा माथि पुगेको छ।

संस्थाले यस वर्ष रु. ५४ लाख ४९ हजार ३१ खुद नाफा आर्जन गरेको भए पनि अघिल्लो वर्षको तुलनामा खुद नाफामा केही कमी आएको देखिन्छ। यसको प्रमुख कारण आर्थिक बर्षभर नै पर्याप्त मात्रामा ऋण लगानी हुन नसक्नु, सञ्चालन खर्च, ब्याज खर्च तथा ऋण नोक्सानी व्यवस्थासँग सम्बन्धित समायोजनहरू रहेका छन्। आगामी दिनमा संस्थाले ऋणको गुणस्तर सुधार, समयमै सुरक्षित लगानी, निष्क्रिय तथा जोखिमयुक्त कर्जा नियन्त्रण, ब्याज आम्दानीको प्रभावकारिता वृद्धि, सञ्चालन खर्च व्यवस्थापन तथा सदस्य बचतको थप विस्तारमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

यसरी संस्थाको समग्र वित्तीय अवस्था विस्तारोन्मुख रहेको भए तापनि नाफाको वृद्धिदर र ऋणको गुणस्तरलाई अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्दै दिगो तथा सदस्य केन्द्रित वित्तीय विकासतर्फ अगाडि बढ्नु आगामी वर्षको प्रमुख प्राथमिकता हुनुपर्ने देखिन्छ।

आदरणीय शेयर सदस्यज्यूहरु,
अब म संस्थाको आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पेश गर्न चाहन्छु । साथै प्रतिवेदन उपर गहन छलफल गरी अनुमोदन गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, संस्थाको कोषाध्यक्ष पदमा रही आफ्नो जिम्मेवारी निर्वाह गर्ने अवसर प्रदान गर्नुभएकोमा म सम्पूर्ण शेयर सदस्य महानुभावहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। यस अवधिमा हामीप्रति यहाँहरूले देखाउँदै आउनुभएको आत्मीयता, न्यानो माया, विश्वास र निरन्तर सहयोगप्रति म हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु।

त्यसैगरी, संस्थाका व्यवस्थापकज्यू, सम्पूर्ण कर्मचारीज्यूहरू तथा लेखा परीक्षकज्यूबाट आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्ने क्रममा प्राप्त भएको सहयोग, समन्वय र सहकार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनहरूमा पनि सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अझ गुणस्तरीय, प्रभावकारी र सदस्यकेन्द्रित सेवा प्रदान गर्दै संस्था र सदस्यबीचको दीर्घकालीन, पारस्परिक विश्वास तथा सहकार्यलाई अझ मजबुत बनाउँदै लैजाने दृढ प्रतिबद्धता व्यक्त गर्दछु। यसै विश्वासका साथ आज प्रस्तुत गरिएको वार्षिक प्रतिवेदनमाथि आवश्यक छलफल, सुझाव तथा अनुमोदनका लागि यहाँहरूसमक्ष प्रस्तुत गर्दै आफ्नो मन्तव्य यहीं अन्त्य गर्न चाहन्छु।
धन्यवाद, जय सहकारी ।

कोषाध्यक्ष
विशाल राना मगर

B & Associates ®Ⓐ
Pokhara Municipality -13, Kaski, Nepal

PAN No. : 602309624
Ican Membership. No.: 6113
Certified No.: 3256 'B'

मिति : २०८३/०४/१८

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्यमानुभाव ज्यूहरु
श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
गोरखा नगरपालिका-०६, हरमटारी, गोरखा ।

**राय नदिईएको:**

हामीले यसै साथ संलग्न **सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड,** गोरखा नगरपालिका-०६, हरमटारी, गोरखाको ३२ असार २०८३ को वित्तीय स्थितिको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, नाफा नोक्सानको बाडँफाडँ, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको (त्यसपछि समग्रमा वित्तिय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**राय नदिईएको आधार,**

राय नदिईएको आधार शिर्षक अन्तर्गत समावेश भएका विषय बस्तुले उल्लेखनिय असर पार्दछन् । जसका कारण पर्याप्त र उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त हुन सकेन । लेखापरिक्षण सम्पन्न गर्दा पर्याप्त र उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त नभएकै कारण माथि उल्लेखित वित्तिय विवरणहरुले सारभुत रुपमा संस्थाको ३२ अषाढ २०८३ को वित्तिय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडँफाँड नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुले प्रचलित कानुनको अधिनमा रहि यथार्थ चित्रण गर्ने वा नगर्ने विषयमा हामी राय दिन नसक्ने अवस्थामा छौं ।

संस्थाले प्रस्तुत गरेको वित्तीय विवरणहरु नेपाल नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छैन । नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय सूचनाको पुर्नलेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको समग्र प्रभाव अनिश्चित, उल्लेख्य र व्यापक हुन सक्दछ । नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल वित्तिय प्रतिवेदनमान पालन निर्देशन (Nepal Financial Reporting Standards) अनुसार कुनै पनि संस्थाले अबिछिन्न दुई आर्थिक बर्षमा रु ५० करोड वा सो भन्दा बढि रकमको प्रत्ययिक सम्पत्ती (Assets holding in fiduciary capacity) धारण गरेमा वा संस्थाले NFRS अनुरुप प्रतिवेदन तयार गर्नु भनि निर्देशन भएको हकमा सो संस्थालाई वित्तिय महत्वका निकाय मानिने भएकाले आफ्ना वित्तिय विवरणहरु परिवर्तित नेपाल वित्तिय प्रतिवेदन मानहरु बमोजिम तयार गर्नु पर्ने हुन्छ । रायको आधार अनुच्छेदमा उल्लेख गरिएको विषयको कारण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) लागू गर्दा त्यसले वित्तीय विवरणमा पार्ने प्रभावको परिमाणीकरण गर्ने पर्याप्त प्रमाणहरुको अभावमा साथै यस संस्थाद्धारा नेपाल वित्तिय प्रतिवेदनमानहरु पूर्ण रुपमा पालना गरेको नदेखिएकोले हामी यस संस्थाको आ.व. २०८२/८३ को वित्तीय विवरणहरुमा आफ्नो राय व्यक्त गर्न असमर्थ छौं ।

Mobile No. 9856064264
E-mail : b.auditor1033@gmail.com

**संस्थाको वित्तीय विवरण तथा लेखापरीक्षणको क्रममा प्राप्त सूचना, कागजात तथा व्यवस्थापनबाट प्राप्त स्पष्टीकरणका आधारमा देहायका महत्वपूर्ण विषयहरू पहिचान भएका छन् :**

- संस्थाले प्रस्तुत गरेको वित्तीय विवरण नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था (ICAN) द्वारा जारी लागू नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम पूर्ण रूपमा तयार तथा प्रस्तुत गरेको पाइएन। वित्तीय विवरणमा लागू वित्तीय प्रतिवेदन मानअनुसार आवश्यक पुनर्लेखन, वर्गीकरण, प्रस्तुतीकरण तथा खुलासा नगरिएकोले त्यसको समग्र प्रभाव वित्तीय विवरणका विभिन्न शीर्षकहरूमा महत्त्वपूर्ण तथा व्यापक हुन सक्ने देखिन्छ ।यस कारण वित्तीय विवरणका सम्पत्ति, दायित्व, आम्दानी, खर्च, इक्विटी तथा अन्य सम्बन्धित शीर्षकहरूमा आवश्यक समायोजन तथा खुलासाको प्रभाव यकिन गर्न पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त हुन सकेन ।
- सहकारी मापदण्ड २०६८ दफा ३० कर्जाको बर्गिकरण अनुसार संस्थाले प्रवाह गरेको ऋणलाई ऋणको समयावधि, र ऋणको स्थिति, साथै किस्ताबन्दी वाहेक लगानी भए अनुसार वर्गिकरण गरि सम्भावित ऋण नोक्सानीको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छैन तर्सथ सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व.२०८२/०८३ अषाढ मसान्त सम्मको ऋणमा सहकारी मापदण्ड २०६८ अनुसारको पुग्ने गरि कर्जा नोक्सानी कोषको व्यवस्था गरेको पाईएन । संस्थाले कर्जा जोखिम व्यवस्था समयले भाका नाघेको कर्जाको मात्र गरेको छ । किस्तावन्दि बाहेका कर्जाहरुको, मासिक कर्जा भूक्तानि तालिका भन्दा कम भुक्तानि भएको वा किस्ताले भाका नाघेको कर्जाको कर्जा जोखिम ब्यवस्था गरेको छैन । सो बापत अतिरिक्त गर्नुपर्ने ब्यावस्थाको चारित्रीकरण गरिएको छैन । त्यसै गरि संस्थाको कर्जा लगानीको अवधि तथा त्यसको कर्जा जोखिम ब्यवस्था सहितको बिवरण, कर्जा एजिङ् रिपोर्ट अनुसार कुल कर्जा जोखिम ब्यवस्था गर्नू पर्ने थियो तथापी सो बमोजिम भएको छैन ।
- संस्थाले पहिलेको वित्तिय लेखामान (Previous GAAP) अनुसार वित्तिय विवरणहरु तयार गरिएको छ ।
- संस्थाले स्वीकृत कार्यक्षेत्र सिमा भन्दा बाहिर कर्जा प्रवाह तथा बचत संकलन गरेको पाईयो । यस्तो कारोवारको सम्बन्धमा लागु कानुनी नियामकीय तथा संस्थाको विनिमयगत व्यवस्थाको पूर्ण पालना भएको/नभएको यकिन गर्न आवश्यक कागजात तथा प्रमाणहरुको परिक्षण गरी थप मुल्याङ्कन गर्नु पर्ने देखिन्छ ।
- संस्थाले कर्जा प्रवाह गर्ने क्रममा ब्यक्तिगत सिमा, संस्थाको ऋण निती तथा विनयमावली बमोजिम कर्जा प्रवाह गर्न पर्नेमा केहि कर्जाहरुमा कागजात पूर्ण नगरेको साथै कर्जा प्रवाह गर्न आवस्यक पर्ने साक्षी, धनजमानी तथा धितो बन्धकको व्यवस्था नगरि कर्जा प्रवाह गरेको पाईयो । धितो मल्याङ्कन तथा एक दुई कर्जामा निर्णय तथा स्वीकृती सम्बन्धी पर्याप्त अभिलेख उपलब्ध नभएका कारण सम्बन्धीत कर्जा लगानी संस्थाको स्वीकृत कर्जा निती तथा अधिकारप्राप्त निकायको निर्णयअनुसार हो/होईन भन्ने विषयमा आश्वस्त हुन सकिएन ।
- संस्थाले कर्जा नोक्सानी कोषको व्यवस्था पनि कर्जा लगानी प्रक्रिया र प्रत्येक त्रैमासिक मुल्याङ्कन गरी कोषको व्यवस्था गर्नु पर्ने पायौं ।
- संस्थाले आन्तरीक व्यवस्थापन निति, तथा अन्य विषयगत निति, विषयगत कार्यवित्रि बनाई कार्य गर्नु पर्ने पायौं ।
- संस्थाले डुवन्त ऋण कोष बाट रकम वितरण गरेको पाईयो संस्थाले सहकारी ऐन, २०७४, सम्बन्धीत नियमावली तथा संस्थाको स्वीकृत विनियमावली विपरीत सदस्यहरुलाई वितरण गरेको देखियो । यस कार्यले कोषको सुरक्षामा जोखिम उत्पन्न गरेको छ ।
- सहकारी ऐन २०७४ को दफा ३४(३) बमोजिम साधारण सभा बोलाउने निर्णय भईसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन नहुने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । सदस्यले सदस्यता त्याग गर्दा सहकारी नियमावली २०७५ को नियम २४(१) बमोजिम शेयर रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिन भित्र पाउन बाँकी शेयर लाभांश रकम र संरक्षित पूँजी फिर्ता बापतको रकम समेत फिर्ता गर्न सुझाव गरिन्छ ।

- संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्थाहरुको अनुपालना गर्नुपर्ने देखिन्छ । सदस्यहरुको कारोबारको जोखिम वर्गिकरणमा अझै थप काम गर्नुपर्ने देखिन्छ ।
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरि□) निवारण ऐन २०६४ को दफा ७ ख अनुसार संस्थाले आफ्नो ग्राहक वा वास्तविक धनी वा ग्राहक बन्न खोज्ने ब्यक्ति उच्च पदस्थ ब्यक्ति भए नभएको यकिन गर्नूपर्ने तथा सो यकिन गर्न जोखिम ब्यवस्थापन प्रणालीको ब्यवस्था गर्नुपर्ने ब्यवस्था रहेको छ । त्यसैगरि सोहि ऐनको दफा ७ घ अनुसार सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र,व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा बित्तिय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मुल्या□कन गर्नूपर्ने ब्यवस्था रहेको छ । यद्यपि संस्थाले सो ऐनको ब्यवस्था कार्यान्वयन गर्न बाकि रहेको देखिएकोले सो ब्यवस्था समयावधि भित्र कार्यान्वयन गर्न सूझाव रहेको छ ।
- श्रम ऐन, २०७४ को दफा १०० (१) बमोजिम प्रत्येक प्रतिष्ठानले प्रतिष्ठानमा श्रम ऐन, नियमावली र प्रचलित कानुन बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट, पौष महिनाभित्र नियम ५६ अनूसार, गरी सोको प्रतिवेदन तयार गर्नू पर्ने ब्यवस्था रहेको छ । यस वर्षमा नियमावली र प्रचलित कानुन बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट नभएको पाईयो । यस ऐन र ऐन अन्तर्गत बनेको नियमको परिपालना संस्थाले नगर्दा विभागले आवश्यक निर्देशन समेत दिन सक्ने ब्यवस्था रहेको छ । त्यसैले ऐन तथा नियम बमोजिम तोकिएको प्रावधानहरुको परिपालन गर्नूपर्ने ।
- संस्थाले सहकारी ऐन २०७४ अनुसार सहकारी संस्थाबाट सदस्यले जून प्रयोजनको लागि कर्जा सूबिधा लिएको हो सोहि प्रयोजनमा लगाउनू पर्दछ । संस्थाले कर्जा नीतीमा स्पष्ट ब्यवस्था गरी कर्जा सदुपयोगिता आवधिक रुपमा अनिवार्य गर्ने ब्यवस्था मिलाउनू पर्दछ । तसर्थ कर्जा सदूपयोगिता नियमित तथा आवधिक रुपमा भएको देखिएन ।
- सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा निति तथा टिप्पणीहरु यसै साथ संलग्न अनुसुचि २५ मा समावेश गरिएको छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्तामानहरु अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसंग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हाते पुस्तक"द हयाण्ड् बुक अफ द कोड अफ द कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस सस्थाबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters):**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ । उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| | | |
|---|---|---|
| १ | **सूचना प्रविधि प्रणाली**<br>संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोर्टिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो । हामीले सुचना प्रणाली<br>तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । हामीले नमूनाको आधारमा ऋणको व्याज आम्दानी र निक्षेपको व्याज खर्चको जाँच गऱ्यौं ।<br>संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा<br>संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरि अद्यावधिक गर्नुपर्ने ठान्यौ । |
| २ | **आय कर व्यवस्था**<br>संस्थाको कारोवारमा आय कर ऐन र नियमावली अनुसार करको गणनामा गल्ती हुन सक्ने र जरिवाना लाग्ने उच्च सम्भावनाको कारण हामीले आय करको व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो । संस्थाले व्यवस्था गरेको आय करको गणनाको जाँच गरियो ।<br>संस्थाले सम्पूर्ण कारोबारमा नगरपालिकामा लाग्ने करको दर (१०%) ले आय कर व्यवस्था गरेको पाइयो । |
| ३ | **कानुनी अनुपालना**<br>सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ। ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी **अनुपालनालाई** मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन/नियमावली/निर्देशन, र श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो ।<br>नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो । संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ । |
| ४ | **भाखा नाघेको कर्जाको अवस्था तथा असुली**<br>सहकारी ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम ब्याज आम्दानीलाई प्राप्तीका आधारमा (Cash Basis) लेखाङ्कन गर्नुपर्ने हुन्छ । सहकारी क्षेत्रमा देखा परेको संक्रमणको स्थिती लाई मध्यनजर गर्दा नाफा नहुने वा कम हुने अवस्थामा भाखा नाघेको ऋण र व्याजलाई चुक्ता देखाई नयाँ मितीमा पुन लगानी गरि सावाँ व्याज प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाउनु पर्ने ब्याज समेत असुलि देखिएको हुन सक्छ । | **लेखापरीक्षकको सम्बोधन**<br>ब्याज आम्दानीको लेखाङ्कन सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्बन गर्यौं ।<br>१.संस्थाको सफ्टवेयरमा ब्याज आम्दानी लेखाङ्कन प्रक्रियाको जानकारी लियौं र चेक जाँच गर्यौं ।<br>२.ऋण पुर्नलगानीको बारेमा सम्बोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएको ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं ।<br>३. अन्य आवश्यक प्रकृयाहरु अविलम्बन गर्यौं |

**अन्य जानकारी**

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु प्राप्त भएका छैनन् यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले व्यवस्थापन प्रत्रमा देखिएका कैफियत र सुझाब पेश गरका छौ सो बाहेक प्रतिवेदन दिनुपर्ने कुनै तथ्यहरु छैन ।

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgement) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौँ ।

**यस क्रममा, हामीले :**

जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।

- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा तीसंग सम्बन्धित खुलासाहरुको मुल्याङ्कन गरेका छौं ।
